लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

## प्रस्ताव आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/०८/११

कृषि ज्ञान केन्द्र नवलपरासी (ब.सु.प) को चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र दिन) अर्थात् मिति २०८१/०८/२५ गते) भित्र यस कार्यालयमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजातहरु तथा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ यस कार्यालयको सूचनापाटी वा वेवसाईट ***nawalparasi.akc.gov.np*** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७८-५२०१२६, ५२०१०६ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

| क.सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | उत्पादन सामाग्रीहरु, सिंचाईका लागि आवश्यक सामाग्रीहरु, यन्त्र/उपकरणहरु, प्राथमिक प्रशोधन, बजारीकरण सामाग्रीहरु, पूर्वाधार सुधार वा नयाँ निर्माण गर्ने क्रियाकलापहरु। | सामूहिक रुपमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा वा एकल रुपमा कम्तिमा १० कट्ठा क्षेत्रफलमा तरकारी खेती गर्नुपर्ने | नवलपरासी (ब.सु.प.)-जिल्लाभर | कृषक/नीजि फर्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी सहभगी हुन सक्ने। | यन्त्र उपकरण/अन्य सामग्रीको हकमा अधिकतम् ५०%, नीजि पूर्वाधारको हकमा अधिकतम् ५०%, विउ विजन/वेर्ना ५०%, र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५% अनुदान, प्रति हेक्टर (३० कठ्ठाका लागि) अधिकतम् रु.१ लाख अनुदान |
| २ | व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | उत्पादन सामाग्रीहरु, सिंचाईका लागि आवश्यक सामाग्रीहरु, यन्त्र/उपकरणहरु, प्राथमिक प्रशोधन, बजारीकरण सामाग्रीहरु, पूर्वाधार सुधार वा नयाँ निर्माण गर्ने क्रियाकलापहरु। | सामूहिक रुपमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा वा एकल रुपमा कम्तिमा १० कठ्ठा क्षेत्रफलमा तरकारी खेती गर्नुपर्ने | सुनवल नगरपालिका | कृषक/नीजि फर्म/ कम्पनी/कृषक समुह/कृषि सहकारी सहभगी हुन सक्ने। | यन्त्र उपकरण/अन्य सामग्रीको हकमा अधिकतम् ५०%, नीजि पूर्वाधारको हकमा अधिकतम् ५०%, विउ विजन/वेर्ना ५०%, र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५% अनुदान, प्रति हेक्टर (३० कठ्ठाका लागि) अधिकतम् रु.१ लाख अनुदान |
| ३ | करार खेती कार्यक्रम | करार खेती गर्ने कृषक/नीजि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीलाई जग्गाको भाडामा सहयोग गरिने | करारनामा स्थानीय तहको रोहबरमा गर्नुपर्ने, भूमिहिनलाई वा ५ कट्ठा भन्दा कम जग्गा भएका कृषकलाई प्रथमिकता दिइने, बाँझो जग्गा वा संस्थागत जग्गा भाडामा लिनेलाई प्राथमिकता दिइने, करारनामामा कम्तिमा ५ वर्ष खेती गर्ने प्रतिबद्दता हुनुपर्ने। | नवलपरासी (ब.सु.प.)-जिल्लाभर | करार खेती गर्ने कृषक/नीजि फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी | प्रति हेक्टर (३० कठ्ठा क्षेत्रफल)का लागि अधिकतम् ३० हजारका दरले जग्गा भाडा बापत अनुदान दिन सकिने, प्रति अनुदानग्राही अधिकतम् ३ हेक्टर (९० कठ्ठा क्षेत्रफल) सम्म कार्यक्रम संचालन गर्न सकिने। |

डा.रवीन्द्र नाथ चौबे
प्रमुख (अधिकृतस्तर दशौं)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

# प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/११

कृषि ज्ञान केन्द्र नवलपरासी (ब.सु.प) को चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस दिन) अर्थात् मिति २०८१/०९/०२ गते) भित्र यस कार्यालयमा उल्लेखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजातहरु तथा कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ यस कार्यालयको सूचनापाटी वा वेवसाईट nawalparasi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७८-५२०१२६, ५२०१०६ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

| क्र.सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | माटो व्यवस्थापन कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेः<br>१. माटो परीक्षण<br>२. प्रचारप्रसार तथा अभिमुखीकरण,<br>३. प्राङ्गारिक मल उत्पादन, परीक्षण तथा प्रदर्शन,<br>४. माटो व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि<br>५.भकारो/गोठेमल/कम्पोष्ट मल सुधार,<br>६. बोकासी/भर्मि कम्पोष्ट उत्पादनमा सहयोग,<br>७. माटो उपचारका लागि कृषि चुन, जिप्सम र अन्य सामग्री वितरण,<br>८. हरियो मल उत्पादन तथा प्रयोगका लागि बीउमा सहयोग,<br>९. माटोमा सन्तुलित खाद्य तत्व व्यवस्थापन सम्बन्धी अन्य क्रियाकलापहरू | कार्यालयले एउटा क्लष्टरमा कम्तीमा २५ घरधुरी समेटिने गरी कार्यक्रममा कुल घरधुरी कम्तीमा १०० वटा समावेश भएको हुनुपर्ने। कार्यालयले उपयुक्त स्थलको छनोट गरी कृषक/नीजि फर्म/कृषक समूह/कृषि सहकारी मार्फत देहाय बमोजिमका क्रियाकलापहरु सम्भाव्यताका आधारमा सञ्चालन गर्नुपर्ने।<br>१. हरियो मल (ढैंचा आदि) प्रयोग तथा प्रदर्शनः कम्तीमा १.५ कठ्ठा जग्गामा प्रर्दशन गर्नुपर्ने।<br>२. भकारो/गोठे मल/कम्पोष्ट मल सुधारः मूत्र संकलन टंकी निर्माण, मलखादमा छानो व्यवस्थापन गरी गोठेमल/कम्पोष्ट मल उत्पादनका लागि कम्तीमा २ वटा खाडल हुनुपर्ने।<br>३. भर्मी कम्पोष्ट उत्पादनः निर्माण प्राविधिकको ईस्टिमेट अनुसार भर्मी वेड वा भर्मी व्यागमा मल उत्पादन गरेको हुनुपर्ने। उत्पादन लागत कम गर्न उपलब्ध भए सम्म स्थानीय श्रोत साधनको प्रयोग गर्ने। | नवलपरासी (ब.सु.प.) | कृषक/नीजि फर्म/कृषक समुह/कृषि सहकारी सहभागी हुन सक्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• क्षमता अभिवृद्धिमा कुल लागतको अधिकतम् १० प्रतिशत खर्च गर्न सकिने ।<br>• स्थलगत तालिममा प्रति तालिम अधिकतम रू. २० हजार खर्च गर्न सकिने। |

डा.रवीन्द्र नाथ चौबे
प्रमुख (अधिकृतस्तर दशौं)

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०६
email : aknawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

| क्र. सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| २ | वर्षे/हिउँदे फलफुल विरुवा वितरण कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार वेहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेः<br>१.कार्यालयले विविन्न जातका/वर्णशंकर फलफुल विरुवा खरिद, ढुवानी र वितरण गर्ने<br>२. रेखाडकंनमा सहयोग गर्ने<br>३. बगैंचा व्यवस्थापनका लागि कार्यालयबाट प्राविधिक सेवा सहयोग उपलब्ध गराउने | उन्नत/वर्णशंकर जातको फलफुल विरुवा मार्फत फलफुलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गर्नेः- आँप, लिची, अम्बा, कागती, कटहर आदी फलफूलका विरुवा वितरण गर्न सकिने, कम्तिमा २५ वटा बोटको १ (एक) बगैंचा स्थापना गर्नुपर्ने, गत आ.व.मा सोहि कार्यक्रमबाट वितरण गरिएका विरुवा मरेको अवस्थामा हाल उक्त मरेका विरुवाहरुको Gap Filling गर्न बगैंचा स्थापनाको कार्यक्रम संचालन गर्न सकिने | नवलपरासी (ब.सु.प.) | इच्छुक कृषक, कृषक समुह/सहकारी /उघमी हुनुपर्ने<br><br>सामुहिक वा एकल रुपमा एउटा चक्लामा बगैंचा स्थापना गर्नुपर्ने। | विनियोजित बजेटको परिधिमा रही ढुवानी, मोर्टालिटी, प्याकेजिङ्को व्यवस्थापन गरी शतप्रतिशत अनुदानमा कार्यालयले विरुवा उपलब्ध गराउने। |
| ३ | वाली वस्तु विशेष सघन व्यवसायीक उत्पादन क्षेत्र विकास कार्यक्रम (मकै) | वीउ/विरुवा तथा अन्य उत्पादन सामाग्री सहयोग, क्षमता अभिवृद्धि, प्रयोगशाला सेवा, वाली संरक्षण र प्राविधिक सेवा, प्रशोधन तथा वजारीकरणमा सहजिकरण। | खेती गर्नुपर्ने न्यूनतम क्षेत्रफल – २ हेक्टर; जम्मा क्षेत्रफल- २० हेक्टर (बढीमा १० क्लष्टर)<br>*नोटः*<br>तोकिएको क्षेत्रफलको कम्तीमा ८०% पुग्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ, मकैको बीउ उत्पादनका लागि आवश्यक क्षेत्रफल कम्तिमा ५ हेक्टर (बढीमा २ क्लष्टर) | नवलपरासी (ब.सु.प | कृषक/फर्म/ कम्पनी/कृषक समुह/सहकारी सहभगी हुने सक्ने। | वीउको हकमा शत प्रतिशत अनुदान र आवश्यकताका आधारमा प्रति हे. अधिकतम रु. पाँच हजार नबढ्ने गरी उत्पादन सामाग्रीका लागि खर्च गर्न सकिने,<br>क्षमता विकास तथा बजारीकरण – बढीमा रु. एक लाख |
| ४ | मौरी प्रवर्द्धन कार्यक्रम | महमदानी, सुपर सहितको मौरी घर, घुम्ती, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, ब्रस, मह छाज्ने भाडा, रानी, छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद उन्नत रानु खरिद प्रशोधन तथा बजारीकरणमा सामग्रीहरु खरिद गर्न सकिने | मौरी सहितको कम्तिमा २० वटा घार मौरीपालन गरेको वा विस्तार गर्न सक्ने क्षमता भएको हुनुपर्ने | बर्दघाट नगरपालिका | कृषक/फर्म/कम्पनी/ कृषक समूह/सहाकरी सहभागी हुन सक्ने | प्रति अनुदनग्राही कुल लागतको अधिकतम ५०% वा अधिकतम रु. १ लाख अनुदान |
| ५ | फलफूल बगैंचा सुदृढीकरण कार्यक्रम | बैंगचा सुदृढीकरणका लागि आवश्यक औजार/उपकरण खरिद, सिंचाई सामग्री तथा उपकरण खरिद फल कुहाउने औंसा (Fruit Fly) को लागि ल्यूर र पासो तथा अन्य रोगकिराको व्यवस्थापनका लागि मोहिनी पासो ट-ल्यूर, विषादी, एप्रोन, पन्जा, मास्क आदि खरिद, स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकारण कार्यालयले गर्ने, फलफूल बगैंचा काँटछाँट, रोग निदान तथा अन्य व्यवस्थापनमा सहयोग | कार्यक्रम संचालन गर्नुपर्ने फलफूल बगैंचा को न्यूनतम क्षेत्रफल- ५ हे. (७.५ विघा) मा संचालन भएको हुनुपर्ने। | नवलपरासी (ब.सु.प.) | कृषक/नीजि कृषि फर्म/कृषक समूह/कृषि सहकारी | कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी प्रति कार्यकम अधिकतम रु. ५० हजार खर्च गर्न सकिने<br><br>स्थलगत प्राविधिक तालिम तथा अभिमूखीकरण प्रति कार्यकम अधिकतम रु. ५ हजार खर्च गर्न सकिने |

डा.रवीन्द्र नाथ चौबे
प्रमुख (अधिकृतस्तर दशौं)

Scanned with CamScanner